२. गत आर्थिक वर्षका लागि हरेक निर्वाचन क्षेत्रमा माननीय सभासद्ज्यूहरुको सिफरिसमा कार्यान्वयन हुने गरी पुर्वाधार विकासका लाग विनियोजित रु. १ करोडको बजेटको विनियोजन सन्दर्भमा योजना छनोट र कार्यान्वयनका लागि यस जिल्लाका कुन कुन निर्वाचन क्षेत्रमा कहिले-कहिले कस-कसको उपस्थितिमा बैठक सम्पन्न भयो ? सो सम्बन्धी जानकारी विवरण, बैठकको माईन्यूटको प्रमाणित प्रतिलिपि एवं सो कार्यक्रम अन्तर्गत निर्वाचन क्षेत्रगत आधारमा छनोट गरिएको कार्यक्रम र विनियोजित बजेट रकमको वेग्लावेग्लै विवरणको प्रमाणित प्रतिलिपि ।

३. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कुन कुन स्थानीय निकायको परिषद्बाट पारित गरी प्रस्तावित गरिएका थिए ? सोको जानकारी खुल्ने विवरणको सूची सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।

४. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कस-कसले सञ्चालन गरेका थिए ? कायक्रम सञ्चालनको लागि गरिएको सम्झौता पत्र र कार्यक्रम सम्पन्न भएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल मंसिर २७ गते रोज १ शुभम् ।